# एनएसडब्लू पुनर्स्थापना रणनीति

एनएसडब्लू सरकारको पुनर्स्थापना रणनीतिले एनएसडब्लूमा बस्ने शरणार्थीहरूको लागि बसोबासको अवस्था सुधार्ने लक्ष्य राखेको छ। यो रणनीति राज्य र अष्ट्रेलियामा यस प्रकारको पहिलो हो र यसले शरणार्थी र समुदायका लागि छ वटा अल्पकालीन परिणामहरू प्राप्त गर्ने दिशामा काम गर्दछ।

एनएसडब्लू सरकारको पुनर्स्थापना योजना र मूल्याङ्कनलाई प्रत्यक्ष अनुभवद्वारा सूचित गरिएको छ।

एनएसडब्लू सरकारले शरणार्थीहरूका लागि सेवाहरू र सूचनाहरू पहुँचयोग्य छन् भनी सुनिश्चित गर्दछ।

एनएसडब्लू सरकार तथा समुदायहरूले शरणार्थीहरूको आवश्यकतालाई सम्बोधन गर्ने सेवाहरू र सूचनाहरू उपलब्ध छन् भनी सुनिश्चित गर्छन्।







प्रमाणमा आधारित पुनर्स्थापना योजनालाई सहायता गर्न एनएसडब्लू सरकारले तथ्याङ्क सङ्कलन एवं विश्लेषण प्रक्रियामा सुधार गरेको छ।

एनएसडब्लू सरकारले स्वागत सहित स्थान-आधारित दृष्टिकोण र सामुदायिक सञ्जालहरू पुनर्स्थापना योजनामा समावेश गर्दछ।

एनएसडब्लू सरकारले पुनर्स्थापना लक्ष्य, नीति, र परिणामहरू बारे राष्ट्रिय निर्णय लिने प्रभाव बढाएको छ।

**यो रणनीतिले एनएसडब्लूमा अवस्थित जटिल पुनर्स्थापना इकोसिस्टम र दीर्घकालीन परिणामहरूलाई पहिचान गर्छ जसलाई हासिल गर्नका लागि सरकारी र गैर-सरकारी क्षेत्रका सबै तहहरू मिलेर काम गर्न आवश्यक छ।**

**एनएसडब्लू पुनर्स्थापना रणनीति मुख्यतया ती शरणार्थीहरूमा केन्द्रित छ जो आफ्नो पुनर्स्थापना यात्राको पहिलो १० वर्ष भित्र हुनुहुन्छ र एनएसडब्लूमा बस्नुहुन्छ।**

**एनएसडब्लू सेटलमेन्ट रणनीतिको उद्देश्यका लागि, शरणार्थी शब्दले शरण खोज्ने मानिसहरू सहित, शरणार्थी तथा शरणार्थी जस्तो पृष्ठभूमि भएका सबै मानिसहरूलाई समावेश गर्दछ।**

**यो रणनीतिले एनएसडब्लू सरकारका विद्यमान तथा नयाँ प्रयासहरूलाई निम्न कार्यहरूको लागि एकसाथ ल्याउँछ:**

- एनएसडब्लू सरकारको लागि पुनर्स्थापना यात्राहरूको अर्थ के हो र सफल पुनर्स्थापना भनेको के हो भनेर व्याख्या गर्न
- निर्णय लिने क्रममा प्रत्यक्ष अनुभवको आवाज सम्बोधन गर्न
- एनएसडब्लू सरकार भरी सहकार्य, समन्वय, रणनीतिक योजना र सेवा प्रवाहलाई बढवा र औपचारिक बनाउन
- सफल पुनर्स्थापना परिणामहरू सुनिश्चित गर्न एनएसडब्लू सरकार भर निरन्तर सुधार, मूल्याङ्कन र क्षमता निर्माण सुनिश्चित गर्न
- शरणार्थीहरू फस्टाएको सुनिश्चित गर्न फरक क्षेत्रका भूमिकाकर्ताहरू र समुदायहरूको विस्तृत शृङ्खलालाई संलग्न गर्न
- राष्ट्र मण्डल, अन्य राज्य र क्षेत्र, र स्थानीय सरकारहरूसँग राष्ट्रिय निर्णय प्रक्रियालाई प्रभाव पार्न विद्यमान रणनीतिक साझेदारहरू निर्माण गर्न तथा बढाउन

## एनएसडब्लू पुनर्स्थापना रणनीतिले निम्न कुरा समावेश गर्दछ:

**कार्य योजना** जसले एनएसडब्लू सरकारले विद्यमान पहलहरूलाई कसरी निरन्तरता दिने तथा बलियो बनाउने र पहिचान गरिएका कुराहरूलाई सम्बोधन गर्न थप पहलहरू लागू कसरी गर्ने भनेर रूपरेखा तय गर्दछ।

**मूल्याङ्कन ढाँचा** जसले एनएसडब्लू सरकारलाई प्रगतिको निगरानी र मापन गर्न मद्दत गर्दछ र एनएसडब्लूमा उदीयमान आवश्यकताहरूलाई प्रतिक्रिया दिन सक्षम हुन जानकारी रख्छ।

**एनएसडब्लू पुनर्स्थापना रणनीति बहु सांस्कृतिक एनएसडब्लू (Multicultural NSW) को लागि एक रणनीतिक प्राथमिकता हो र यो एनएसडब्लू सरकार (NSW Government) ले लागू गरिरहेको छ।**